**SET-4**

**Series HRK**

**कोड नं.**
**Code No. 17**

रोल नं.
Roll No. | | | | | | | |

परीक्षार्थी कोड को उत्तर-पुस्तिका के मुख-पृष्ठ पर अवश्य लिखें ।
Candidates must write the Code on the title page of the answer-book.

- कृपया जाँच कर लें कि इस प्रश्न-पत्र में मुद्रित पृष्ठ **5** हैं ।
- प्रश्न-पत्र में दाहिने हाथ की ओर दिए गए कोड नम्बर को छात्र उत्तर-पुस्तिका के मुख-पृष्ठ पर लिखें ।
- कृपया जाँच कर लें कि इस प्रश्न-पत्र में 8 प्रश्न हैं ।
- **कृपया प्रश्न का उत्तर लिखना शुरू करने से पहले, प्रश्न का क्रमांक अवश्य लिखें ।**
- इस प्रश्न-पत्र को पढ़ने के लिए 15 मिनट का समय दिया गया है । प्रश्न-पत्र का वितरण पूर्वाह्न में 10.15 बजे किया जाएगा । 10.15 बजे से 10.30 बजे तक छात्र केवल प्रश्न-पत्र को पढ़ेंगे और इस अवधि के दौरान वे उत्तर-पुस्तिका पर कोई उत्तर नहीं लिखेंगे ।
- Please check that this question paper contains **5** printed pages.
- Code number given on the right hand side of the question paper should be written on the title page of the answer-book by the candidate.
- Please check that this question paper contains **8** questions.
- **Please write down the Serial Number of the question before attempting it.**
- 15 minute time has been allotted to read this question paper. The question paper will be distributed at 10.15 a.m. From 10.15 a.m. to 10.30 a.m., the students will read the question paper only and will not write any answer on the answer-book during this period.

# संकलित परीक्षा – II

## SUMMATIVE ASSESSMENT – II

# नेपाली

# NEPALI

*निर्धारित समय : 3 घण्टे* *अधिकतम अंक : 90*

*Time allowed : 3 hours* *Maximum Marks : 90*

*THE QUESTION PAPER IS DIVIDED INTO FOUR SECTIONS :*

| | | |
|---|---|---|
| Section A : | Reading Comprehension (पठन बोध) | 10 Marks |
| Section B : | Writing (लेखन) | 10 Marks |
| | Translation (अनुवाद) | 5 Marks |
| Section C : | Grammar (व्याकरण) | 21 Marks |
| Section D : | Literature (साहित्य) | 44 Marks |

## SECTION A

## खण्ड क

**1.** निम्न परिच्छेद पढ़ेर संलग्न प्रश्नहरूका उत्तर लेख्नुहोस् : *2×5=10*

जीवनको प्रत्येक क्षण मानिसले कर्त्तव्य पालनामा व्यय गर्नुपर्छ । समयको उचित उपयोग गर्नु समय अनुसार गरिएको उचित काममा सफलता प्राप्त गर्नु हो । मानिसले आफ्नो जीवनको अवधि लगातार परिश्रम गरेर वृद्धि गर्न सक्छन्, तर आलस्य गर्नाले जीवनको अवधि छोटिन्छ, जसरी उद्योग तथा उपयोगमा नल्याएको कलपुर्जा आफै नष्ट हुन्छ । मानिसका जीवनको दीर्घता मानिस बाँचेका वर्षहरूको दिन्तीद्वारा होइन तर उसले जीवनमा गरेका सुकार्यहरूको परिमाण र परिणामद्वारा माप गरिन्छ ।

(क) मानिसका जीवनको प्रत्येक क्षण केमा व्यय गर्नुपर्छ ?

(ख) मानिसले आफ्नो जीवनको अवधि कसरी वृद्धि गर्न सक्छन् ?

(ग) के कारण कल-पूर्जा आफै नष्ट हुन्छन् ?

(घ) मानिसका दीर्घता कसरी माप गरिन्छ ?

(ङ) अर्थ लेख्नुहोस् – परिमाण, परिणाम ।

## SECTION B
### खण्ड ख

**2.** घरमा केही जरूरी काम परेको कुरा जनाउँदै प्रधान अध्यापकलाई दुइ दिनको छुट्टीका निम्ति निवेदन पत्र लेख्नुहोस् । *10*

**3.** नेपालीमा अनुवाद गर्नुहोस् : *5*

(i) We bathed in the river.

(ii) I shall be waiting.

(iii) A dead cannot speak.

(iv) There are many books in the almirah.

(v) You have not sent him.

## SECTION C
### खण्ड ग

**4.** निम्न विविध शब्दहरूका प्रश्नअनुसार उत्तर दिनुहोस् :

(क) निम्न भिन्नार्थ शब्दहरूका अर्थ लेख्नुहोस् : *2*

अंग, अङ्क, उपकार-अपकार ।

(ख) निम्न शब्दहरूका दुई-दुइवटा पर्यायवाची शब्द लेख्नुहोस् : *2*

इच्छा, दिन ।

(ग) विपरीतार्थक शब्द लेख्नुहोस् : *2*

प्रशंसा, अन्त, उपकार, सार्थक ।

(घ) अनेकार्थक शब्द लेख्नुहोस् : *2*

हार, अर्थ ।

(ङ) सार शब्द लेख्नुहोस् : *2*

(i) दिनको एक भाग

(ii) काम गर्ने स्थान

(iii) जसको आधार छैन

(iv) आफूभन्दा अघिका

(च) वाक्य परिवर्तन गर्नुहोस् : *3*

(i) जसले मुनामदन लेख्यो, ती देवकोटा हुन् । (सरल वाक्यमा)

(ii) पढ़ेर भन्दा परेर जानिन्छ । (संयुक्त वाक्यमा)

(iii) लाटालाई नजिस्काऊ । (मिश्र वाक्यमा)

(छ) निम्न वाक्यलाई निर्देश अनुसार रूपान्तर गर्नुहोस् : *4*

(i) पूर्वबाट सूर्य उदाउँछन् । (अकरण वाक्यमा)

(ii) त्यो घर जाने भयो । (अकरण वाक्यमा)

(iii) सूर्यले उज्यालो पार्दैनन् । (करण वाक्यमा)

(iv) नखाएको विष लाग्दैन । (करण वाक्यमा)

(ज) निम्न अशुद्ध वाक्यलाई शुद्ध गरेर लेख्नुहोस् : *4*

(i) उनीहरू पुस्तक पड़े ।

(ii) तिमी र हामी आए ।

(iii) हामी स्कूल गएर हिसाब गर्छ ।

(iv) आफ्नो कुरा गरौं ।

## SECTION D

## खण्ड घ

**5.** (क) निम्न प्रश्नहरूका सही उत्तर लेख्नुहोस् : *4×3=12*

(i) 'रातभरी हुरी चल्यो' कथाकी पात्रा कालेकी आमालाई कुन कुराको निर्णयले ढुक्क लाग्यो, खुट्टा दुखेको पनि हरायो ?

(ii) 'डाक्टर नानो' पाठमा दिन खोजेको सन्देश के हो ?

(iii) "मनको शक्ति भन्दा समयको अवस्था र वाध्यता नै बलवान रहेछ" – भनेर 'मन' एकाङ्कीमा एकाङ्कीकारले के भन्न खोजेका हुन् ।

(ख) सप्रसङ्ग व्याख्या गर्नुहोस् : *4*

"परिवर्तन प्रकृतिको नियम हो । समयसित हामी परिवर्तन हुनुपर्छ । विगतलाई दोहोऱ्याउँदा लाभ छ कि हानि त्यो हाम्रो विवेकले निर्क्योल गर्न सक्नुपर्छ ?"

**अथवा**

"आपद विपद जहीं पनि छ । हो हुरीले विगाऱ्यो तर अब सबै ठीक बनाइहाल्छौं, कुनै न सकिने काम होइन त्यति गर्नु ।"

**6.** निम्न प्रश्नका उत्तर दिनुहोस् : *3+4+5=12*

(क) "छोरोलाई" कवितामा कविले कस्तो बन्ने आह्वान गर्दछन् ?

(ख) "सत्य सन्देश" कवितामा कविले दिन खोजेको सन्देश के हो ?

(ग) सारांश लेख्नुहोस् :

'यात्री' अथवा 'सत्यसन्देश' ।

**7.** कुनै ***चार*** प्रश्नहरूका उत्तर लेख्नुहोस् : *3×4=12*

(क) 'टोटलाको फूल' कथामा नारीको जीवन र टोटलाको फूलमा कसरी समानता देखाइएको छ ?

(ख) लक्ष्मीले आफ्नी छोरी मोतीसँग कुन-कुरा अनि किन लुकाएर राखेकी थिई ?

(ग) कथाकारको हवल्दारसँग कुन ठाउँमा कसरी भेट भयो ?

(घ) 'टोटलाको फूल' कथाकी पात्रा सोनामणिको चरित्र चित्रण गर्नुहोस् ।

(ङ) हवल्दारको स्वभाव कस्तो थियो ?

**8.** साहित्यकार हरिभक्त कटुवालको संक्षिप्त परिचय दिँदै उनका चार कृतिहरूका नाम लेख । *4*